श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

नेपालको राष्ट्रिय नीतिहरूसँग सामञ्जस्यता राखी वाणिज्यको क्षेत्रमा खुला तथा उदार वातावरणको श्रृजनाद्वारा निजी क्षेत्रको बढ्दो सहभागिताबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारलाई अभिवृद्धि गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदानमा वृद्धि गराउन श्री ५ को सरकारलाई आवश्यक सुझाव दिन श्री ५ को सरकारले देहायबमोजिमको एक वाणिज्य परिषद्को गठन गरेको छ ।

(क) वाणिज्य परिषद्को गठन

१) माननीय वाणिज्य मन्त्री। राज्य मन्त्रीज्यू —अध्यक्ष
२) माननीय वाणिज्य सहायक मन्त्रीज्यू —सदस्य
३) माननीय सदस्य, राष्ट्रिय योजना आयोग (वाणिज्य) ”
४) गभर्नर, नेपाल राष्ट्र बैंक ”
५) सचिव, अर्थ मन्त्रालय ”
६) सचिव, वाणिज्य मन्त्रालय ”
७) सचिव, आपूर्ति मन्त्रालय ”
८) सचिव, उद्योग मन्त्रालय ”
९) सचिव, कृषि मन्त्रालय ”
१०) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ ”
११) अध्यक्ष, नेपाल चेम्बर अफ् कमर्स ”
१२) अध्यक्ष, नेपाल समुद्रपार निकासी पैठारी संघ ”
१३) अध्यक्ष, नेपाल हिमालपार व्यापार संघ ”
१४) प्रा. श्री उपेन्द्रबहादुर प्रधानाङ्ग (विशेषज्ञ) ”
१५) अध्यक्ष, केन्द्रीय गलैंचा उद्योग संघ (१ वर्षको लागि) ”
१६) अध्यक्ष, नेपाल तयारी पोशाक उद्योग संघ (”) ”
१७) अध्यक्ष, नेपाल बैंकर्स संघ ”
१८) सह-सचिव, वाणिज्य मन्त्रालय, वैदेशिक व्यापार महाशाखा —सदस्य-सचिव

(ख) परिषद्को सचिवालय वाणिज्य मन्त्रालयमा रहनेछ ।

(ग) परिषद्ले तोकिएका कार्यहरू गर्न परिषद् अन्तर्गत विभिन्न उपसमितिहरू पनि गठन गर्न सकनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम, कर्तव्य

(१) वाणिज्यका क्षेत्रमा आवश्यक पर्ने कानूनी आधार, नीति र कार्यविधि-हरूको तर्जुमा र तिनको कार्यान्वियन सम्बन्धमा आवश्यक परामर्श एवं सुझाव प्रदान गर्ने ।

(२) नेपालको द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सम्बन्धी सहयोग तथा संझौताहरू सम्पन्न गर्ने तथा तिनको कार्यान्वियनका सन्दर्भमा आवश्यक सुझाव प्रदान गर्ने ।

(३) आन्तरिक तथा वैदेशिक व्यापारमा संलग्न सरकारी तथा निजी क्षेत्रका निकायहरू बीच सहयोग र समन्वयका लागि आवश्यक उपायहरूको अवलम्वनका लागि परामर्श दिने ।

(४) नयाँ निकासी योग्य वस्तुहरूको पहिचान, विकास तथा उत्पादन गरी व्यापारमा विविधिकरण गर्न चाहिने आवश्यक व्यवस्था एवं त्यस क्षेत्रमा आइ परेका समस्याहरू निराकरण गर्न परामर्श प्रदान गर्ने ।

(५) व्यापार असन्तुलन क्रमश कम गर्दै लगी दिगो रूपमा व्यापारको विस्तार गर्ने विषयमा समय समयमा अवलम्वन गर्नु पर्ने नीतिहरू र कार्यक्रमहरूका सम्बन्धमा सुझाव पेश गर्ने ।

(६) निकासी र पैठारीलाई कम खर्चिलो र सक्षम बनाउन पारवहन तथा ढुवानी व्यवस्थाका वर्तमान पूर्वाधार र संरचनामा सुधार गर्न तथा तत्सम्बन्धी प्रशासनिक प्रकृयालाई पारदर्शक, छिटो र छरितो बनाउन अपनाउनु पर्ने कदमहरूका सम्बन्धमा परामर्श प्रदान गर्ने ।

(७) निकासी र पैठारीतर्फ अनुगमनको मूल्याँकन र समीक्षाका सम्बन्धमा आवश्यक सुझावहरू पेश गर्ने ।

मिति २०४७।४।१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना अनुसार गठित वाणिज्य परिषद् खारेज गरिएको छ ।

आज्ञाले,
उर्मिला श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

४५१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।